It's about kids.

FAYETTE COUNTY PUBLIC SCHOOLS

अगस्त २५,२००९

प्रिय फेएट काउन्टी पब्लिक स्कुल परिवारहरु,

शैक्षिक सत्र २००९-२०१० उत्साहपूर्वक सुरु भइसकेको छ। हामीसँग विद्यार्थीहरुका लागि धेरै प्रकारका र उत्साहजनक कृयाकलापहरु छन् र कतिपय सुरु पनि भइसकेका छन्। मैले धेरै स्कुलहरुको भ्रमण गरिसकेको छु र त्यहाँ भएका कार्यहरुबाट प्रभावित भएको छु। मलाई विश्वास छ, तपाईंहरुका छोराछोरीहरुले यी कृयाकलापबाट भरपुर आनन्द लिएका छन्। तपाईंहरुले आफ्ना बालबालिकाहरुको शिक्षाको अभिभारा हामीलाई सुम्पनु भएकोमा हामी आभारी छौं।

हालै फेएट काउन्टीमा फाटफुट H1N1 भाईरस अर्थात स्वाइन फ्लु फेला परेको कुरा यहाँहरुलाई थाहै होला। फ्लुको जस्तै लक्षण भएका कतिपय शिक्षक तथा विद्यार्थीहरु स्कुलमा आएको देखिएको छ। हामीहरु फेएट काउन्टी हेल्थ डिपार्टमेन्ट्को संपर्कमा रहेर काम गरिरहेका छौं र दैनिक रुपमा विद्यार्थीहरुको हाजिरी निरीक्षण गर्नुका साथै हेल्थ डिपार्टमेन्ट्का अधिकारीहरुसँग साप्ताहिक भेटघाट गरिरहेका छौं। यस सम्बन्धमा नयाँ जानकारी पाउने वित्तिकै यहाँहरुलाई अवगत गराउने नै छौं।

हाम्रो डिस्ट्रीक र हेल्थ डिपार्टमेन्टले राष्ट्रिय स्वास्थ्य निर्देशिकाको पालना गर्दै हाम्रा विद्यार्थी तथा शिक्षक --कर्मचारीहरुको स्वास्थ्यको ख्याल गरी स्कुलहरु सुचारु राख्ने प्रतिबद्धता जाहेर गर्दछौं । अन्य भाईरस जस्तै H1N1 पनि एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सजिलै सर्दछ। सहकार्यको मध्यमबाट फ्लु जस्तो रोगलाई सर्नबाट धेरै कम गर्न सकिन्छ।

हामीले फ्लुका लक्षणहरु पहिचान गर्न जरुरी छ। निम्न लक्षणका अधारमा फ्लुको पहिचान गर्न सकिन्छ ज्वरो आउनु(१०० डिग्री फरेन्हाइट भन्दा बढी भएमा), खोकी लाग्नु , घाँटी दुख्नु ,नाकबाट पानी आउनु अथवा नाक बन्द हुनु, शरीर दुख्नु, टाउको दुख्नु र धेरै थकाई लाग्नु । कसैलाई बान्ता तथा पखाला पनि लाग्न सक्छ ।

कृपया सहयोग गर्नुहोस् :-

*बालबालिकाहरुलाई साबुन पानीले हात धुन सिकाउने र आफू यसको उदाहरण हुने । अरुका जुठा भाँडा तथा खानेकुरा प्रयोग गर्न नदिने ।

*खोक्दा, हाछिउं गर्दा टिस्यूले मुख छोप्न लगाउने र टिस्यू नभएमा पाखुराले मुख छोप्न लगाउने, तर हातको प्रयोग गर्न नदिने ।

*फ्लु सर्नबाट रोक्न बिरामी बच्चाहरुलाई घरैमा राख्ने (ज्वरोको औषधि नखाई ज्वरो आउन छाडेको २४ घण्टा सम्म राख्ने) ।

स्कुलमा हामीले पनि बारम्बार हात धुन लगाउने, समूहिक समानहरु कम प्रयोग गर्न लगाउने तथा सफाईको कामलाई बढवा दिने गरेका छौं । यसका साथै अभिभावकलाई पर्खेर बसेका बिरामी विद्यार्थीहरुलाई छुटै बस्ने ब्यवस्था गर्ने जस्ता कार्यहरुलाई जारी राखेका छौं । दम्, मधुमेह जस्ता रोगका सम्भावना भएका विद्यार्थीका परिवारले थप सावधानीका लागि डाक्टरको संपर्कमा बस्नु राम्रो हुन्छ ।

फ्लु सम्ब्न्धी थप जानकारीका लागि हाम्रो वेब साइट www.lexingtonhealthdepartment.org वा हट लाइन ८५९ २८८-६५२९ को प्रयोग गर्न सकिने छ ।हेल्थ डिपार्टमेन्टको भनाइअनुसार अहिलेको अवस्था सामान्य फ्लु सिजन जस्तै हो र यदि कुनै स्कुलमा फ्लु देखिएको छ भने पनि कडा सावधानी अपनाउनु पर्ने अवस्था भने छैन । थप सावधानीको अवस्था आएमा यहाँहरुलाई सुसूचित गर्न हामी प्रतिबद्ध छौं

Stu Silberman

**AN EQUAL OPPORTUNITY SCHOOL DISTRICT**

Board of Education: Becky Sagan, Chair • John Price, Vice Chair • Melissa Bacon • Amanda Ferguson • Kirk Tinsley

Superintendent Stu Silberman

701 East Main Street, Lexington, Kentucky 40502 • Phone: 859.381.4100 • www.fcps.net